# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०२।२३ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय मोरङका सि.डि.ई. आनन्द कुमार झाले नदी तटबन्धन नियन्त्रण सम्बन्धी कार्यको लागि थप बजेट निकासा गरिदिने प्रयोजनार्थ आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ विराटनगरमा कार्यरत कर्मचारीलाई रु. १०,०००।- (दस हजार) घुस/रिसवत दिने सम्बन्धी उजुरीका बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज आनन्द कुमार झालाई नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा जलस्रोत तथा सिंचाई विकास डिभिजन मोरङ्गका डिभिजन प्रमुख सि.डि.ई. आनन्द कुमार झाले नदी तटबन्ध नियन्त्रण सम्बन्धी आयोजनाको थप बजेट निकासा गरिदिने प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ बजेट शाखामा कार्यरत कर्मचारीलाई प्रभावमा पारी नियमविपरीत काम गराउने मनसायले नियतवस घुस/रिसवत रकम दिनको लागि रु. १०,०००।— (दस हजार) खाममा हाली ल्याई कर्मचारीले नमागी निजको जानकारी वेगर जवरजस्ती घर्रामा राखी दिएकोमा कर्मचारीले उक्त घुस/रिसवत रकम स्वीकार नगरी सोको प्रतिकार गरी माथिल्लो पदाधिकारीलाई जानकारी गराएपछि उक्त घुस/रिसवत घटना सबैको जानकारीमा आएपश्चात निज आनन्द कुमार झाले आफ्नो बिरुद्धको प्रमाण नष्ट गर्ने उद्देश्यले उक्त रकम आफैले लगेर मन्त्रालयमा रहेको शौचालयमा फल्स गरी नष्ट गरी दिएको पुष्टि भएको हुँदा निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर भएकोले निज आनन्द कुमार झालाई बिगो रु. १०,०००।— (दस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला